# मधेशी आयोग

## ज्वागल, ललितपुर

पत्र संख्याः २०८१/८२
चलानी नं. :

फोन नं: ०१-५२६९१८५
टोल फ्रि नं: १६६००११६१८५

मधेशी आयोग
ज्वागल, ललितपुर

मितिः २०८२/०१/१९

# प्रेस-विज्ञप्ती

### जनकी नवमी-सीता जयन्तीको मांगलिक अवसरमा शुभकामना ।

प्रकटी भुमिपुत्री, सत-मनुको सृष्टि
ईक्ष्वाकुको ईच्छा ।
"नेमी"को कानन, जनकको आँगन
"मिथि" विदेह सदिच्छा ।।

जनक शिरध्वज विदेहराष्ट्रका २५ औं राजा भए । विदेहराजका जनताको जनहितका लागि जनक शिरध्वजले कृषिकर्मी भई हलो जोत्न लाग्दा हलोको अग्रभागवाट एउटी परम सुन्दरी सुकन्या प्राकट्य भईन् । हलोको अग्रभागलाई "शीत" भनिन्छ र हलोको अग्रभागको कारणले प्रकटी सुकन्याको नाम सीता राखिएको थियो । विदेह राजा जनकले आफ्नो पुत्रीको रुपमा स्वीकार गरेको कारणले जानकी, वैदेही आदि नामले सीता संसारभरि पूजित भईन् । सो प्राकट्य हुने तिथि शुक्ल नवमी वैशाख महिना रहेको सीतायण ग्रन्थमा उल्लेखित रहेको छ । यस वर्ष शुक्ल नवमी वैशाखको २३ गते मंगलवार रहेको छ ।

सात वर्षकै कलिलो उमेरमा परम प्रतापी तथा तेजस्वी मुनि परशुराम प्रदत्त शिव धनुलाई एक हातले उठाई अर्को हातले पुजाघर लिप्ने गरेको यर्थाथता देखि राजा जनक "धनुषभंजन" गर्नेसंग मात्र सीताको विवाह गर्ने प्रण अनुसार अयोध्याका राजा दशरथका पुत्र श्री राम धनुष भंजन गरेको


Email: madheshicommission@gmail.com
Website: www.madheshicommission.gov.np
आयोगको हेल्पलाईन नं. ११४८

# मधेशी आयोग

## ज्वागल, ललितपुर

पत्र संख्याः २०८१/८२
चलानी नं. :

फोन नं: ०१-५२६९१८५
टोल फ्रि नं: १६६००११६१८५

रामायण, सीतायण लगायतका ग्रन्थहरुमा उल्लेख रहेको छ । "नेमि" विदेहको नामबाट रचित-रखित नेपाल राष्ट्र हुन र यसवाट नेपालीहरु गौरवान्वित भएका छौं । नेपालको प्रथम स्थानमा राष्ट्रिय विभूति जनक र दोस्रो स्थानमा सीता नै हुन । मुलुककै राष्ट्रिय विभूति सीतालाई एउटा प्रदेशभित्र मात्र सीमित गर्नु उचित हुँदैन । जगत जननी सीतालाई नेपाल र नेपालीको घर घरमा पर्वोत्सवको रुपमा हर्षोल्लासका साथ मनाउनु पर्दछ । यसवाट "यत्रानार्यस्तु पुज्यन्ते, रम्यनणते तत्र देवता" को भावना अभिभूत हुन्छ । यस उत्सववाट राष्ट्र र राष्ट्रियता झन् बलियो हुन्छ ।

यस आयोगवाट संघीय गणतान्त्रिक नेपालको सामाजिक-सांस्कृतिक मधुरता, स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डताका साथै विविधता बीचको एकता तथा सहिष्णुता अक्षय रहि रहोस् भावनाका साथै सीता जयन्तीलाई राष्ट्रिय पर्वको रुपमा घोषणा गरि राष्ट्रिय विदाको व्यवस्था होस् पुनःसंघीय सरकारलाई अनुरोध र अपिल गर्दछु ।

**हार्दिक मंगलमय शुभकामना समर्पण !**

...............................
जीवछ साह
कार्यवाहक अध्यक्ष
मधेशी आयोग